# सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८२/०२/२४ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१.अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. जग्गा बर्गिकरण सहितको भु-उपयोग नक्सा प्रतिबेदन स्वीकृत सम्बन्धमा ।
३.कार्यविधि स्वीकृत सम्बन्धमा ।
४.संघीय शिक्षण सहयोग अनुदान कोटा वितरण गर्ने सम्बन्धमा
५.विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०२/२० गते बसेको गाउँ कार्यपालिकाको सत्रौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ जग्गा बर्गिकरण सहितको भु-उपयोग नक्सा प्रतिबेदन स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं २:**

यस सिद्ध कुमाख गाउँपालिकाको **जग्गा बर्गिकरण सहितको भु-उपयोग नक्सा प्रतिबेदन** तयार गरी श्री क्लक कन्सल्ट प्रा.लि. तुल्सीपुर उपमहानगरपालिका ५ दाङले कार्यपालिकामा पेश गरेको हुदाँ उक्त प्रतिवेदन उपर व्यापक छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि-२०८२ सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँ कार्यपालिका अन्तर्गत विद्येक समितिबाट पेश भएका तपसिलका कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो ।

- रोजगार संवाद मञ्च संचालन तथा व्यवस्थापन कार्यविधि-२०८२
- खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधि २०८२

**प्रस्ताव नं ४ संघीय शिक्षण सहयोग अनुदान कोटा वितरण गर्ने सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिका वडा नं ४ मा संचालित श्री शान्ति सुन्दर माध्यमिक विद्यालयमा माध्यमिक तह गणित विषयको संघीय शिक्षण सहयोग अनुदान कोटा ( संख्या १ ) वितरण गर्ने निर्णय गरियो । साथै सो विषयमा शिक्षक पदपूर्तिका लागि सम्वन्धित विद्यालयलाई नियमानूसार विज्ञापन आव्हान गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।